स्थानीय सरकार
शिवनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## बैठक संख्या (३)

आज मिति २०८२/०६/२४ गतेका दिन यस शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कार्यपालिकाका अध्यक्ष श्री कर्ण सिह साउदज्यूको अध्यक्षतामा बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थितीः-**

(गाउँपालिका अध्यक्ष) श्री कर्ण सिह साउद

(गाउँपालिका उपाध्यक्ष) श्री सकुन्तला साउद

(वडा अध्यक्ष) श्री बलदेव सिह चाड

(वडा अध्यक्ष) श्री सुरेन्द्र सिह साउद

(वडा अध्यक्ष) श्री केशव दत्त कलौनी

(वडा अध्यक्ष) श्री धन बहादूर महता

(वडा अध्यक्ष) श्री केशव चन्द

(वडा अध्यक्ष) श्री भरत राम पार्की

(का.पा.सदस्य) श्री धनमती साउद

(का.पा.सदस्य) श्री विमला पार्की

(का.पा.सदस्य) श्री संगिता आउजी

(का.पा.सदस्य) श्री लक्षिमा कुमारी साउद

(का.पा.सदस्य) श्री राजेन्द्र राम दयाल

(का.पा.सदस्य) श्री प्रताप राम तिर्वा

(सदस्य सचिव) श्री नरेन्द्र सिह महता

**कार्यपालिका सहयोगी कर्मचारीः-**

श्री महेश सिह महता (सुचना प्रविधि अधिकृत)

श्री देवराज स्नापकोटा (लेखा अधिकृत)

स्थानीय सरकार
शिवनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

प्रस्तावहरु:-

१. नियमित बैठकको समिक्षा सम्बन्धमा ।
२. राहत सम्बन्धमा ।
३. सेवा सुविधा सम्बन्धमा ।
४. मर्मत खर्च सम्बन्धमा ।
५. खर्च अनुमोदन सम्बन्धमा ।
६. सार्वजनिक जग्गा अतिक्रमण सम्बन्धमा ।
७. अनुगमन अधिकृत तोकने सम्बन्धमा ।
८. महगी भत्ता सम्बन्धमा ।
९. ठेक्का आह्वन सम्बन्धमा ।
१०. तलब थप सम्बन्धमा ।
११. सूचना प्रविधि अधिकृतको तह सम्बन्धमा ।
१२. विपद सम्बन्धमा ।
१३. पुनः सूचना आह्वन सम्बन्धमा ।

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. (१) को प्रस्ताव नं. १ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको अघिल्लो कार्यपालिकाको बैठकमाथि आवश्यक समिक्षा गरियो ।

निर्णय नं. (२) को प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०८२/०५/२३ र २४ गतेको जेन्जी आन्दोलनको क्रममा सहिद हुन भएका शिवनाथ गाउँपालिका वडा नं. २ बस्ने दिपक सिह साउदको घरपरिवारलाई रु १,००,०००/- (अक्षेरेपी रु एक लाख) राहत स्वरुप प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. (३) को प्रस्ताव नं. ३ माथि छलफल गर्दा शिवनाथ गाउँपालिकाको वडा नं. २ को वडा कार्यालयमा कार्यरत का.स. जयराम सिह साउदको ५८ वर्ष पुरा भई अनिवार्य अवकाश भई सकेको हुँदा स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २४२ को उपनियम ४ बमोजिम संञ्चित घर विदा १८० दिनको हुन आउने रकम रु १, ४८, २१२/- , नियम २४३ को उपनियम १ र २ बमोजिम विरामी विदा १९१ दिनको हुन आउने रकम रु १, ५७, २६९.४, नियम २६६ बमोजिमको उपचार खर्च १८ महिनाले हुन आउने रकम रु ४, ४४, ६३६/- र नियम २६८ को (ग) उपदान २२.५ महिनाले हुन आउने रकम रु ५, ५५, ७९५ गरी

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

कुल जम्मा हुन आउने रकम रु १३, ०५, ९१२.४०/- शिवनाथ गाउँपालिकाको कर्मचारी कल्याण कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. (४) को प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको नाममा रहेको BAB 7017 नम्वरको स्कार्पियोको ईन्जिन लगायतका पार्टपुर्जाहरु मर्मत गरिएकोले उक्त मर्मत खर्च वाफतको रकम रु ७, ६७, ५६९.४५/- लाई खर्च अनुमोदन गरी भुक्तानीका लागि प्रमुख प्रशासकीय अधिकृतज्यूलाई स्वीकृत दिने निर्णय गरियो ।

निर्णय नं. (५) को प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको आयोजनामा मिति २०८२/०४/२७ गतेदेखि मिति २०८२/०६/०३ गतेसम्म पालिकामा सञ्चालन गरिएको राष्ट्रिय परिचय-पत्र दर्ता शिविरमा भएको तपसिल बमोजिमको खर्च रकम अनुमोदन गरी भुक्तानी दिने निर्णय गरियो ।

तपसिलः-

१. इन्ट्रानेट राउटर खरिद रु ९४,५८१/-
२. इन्ट्रानेट लिजलाईन रिचार्ज रु १४,८८०/-
३. इन्ट्रानेट लिजलाईन जडान तथा डिभाईस खरिद रु ५४,४३७.५०/-
४. प्राविधिक तथा सहयोगी कर्मचारीहरुको खाजा, खाना तथा आवाश वाफत रु ५४, ६७५/-

निर्णय नं. (६) को प्रस्ताव नं. ६ माथि छलफल गर्दा शिवनाथ गाउँपालिकाको स्वामित्वमा रहेको जग्गा कुनै व्यक्ती वा संस्थाले गैर कानूनी रुपमा अतिक्रमण गरी भोगचलन गरी रहेको भएमा उक्त जग्गामा निर्माण गरिएका भौतिक संरचना, घर टहरा हटाउन ३५ दिने सार्वजनिक सूचना आह्वान गर्ने र जिल्ला प्रशासन कार्यालय, बैतडी सित समेत आवश्यक समन्वय गरी अतिक्रमण गरिएको जग्गा खाली गराउने निर्णय गरियो ।

निर्णय नं. (७) को प्रस्ताव नं. ७ माथि छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदवार, काठमाण्डौको च.नं. ११५, मिति २०८२/०६/१० गते र उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयको च.नं. ४२४, मिति २०८२/०६/०७ गतेको पत्रानुसार उपभोक्ता संरक्षण नियमावली, २०७६ को नियम २१ बमोजिम शिवनाथ गाउँपालिकामा कार्यरत अधिकृत (छैटौं) श्री हर्षराज भट्टलाई निरक्षण अधिकृत तोकि सहमति मागका लागि  वाणिज्य, आपूर्ती तथा उपभोक्ता संरक्षण विभाग लेखि पठाउने निर्णय गरियो ।

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. (८) को प्रस्ताव नं. ८ माथि छलफल गर्दा नेपाल सरकार गृह मन्त्रालय, राष्ट्रिय पञ्जिकरण विभागको च.नं. ३३८(प), मिति २०८२/०३/३० गतेको पत्रानुसार शिवनाथ गाउँपालिकामा रहेको पञ्जिकरण सेवा इकाईमा कार्यरत जनशक्तीलाई स्थानीय भत्ता / महगी भत्ता लगायतको व्यवस्था सम्बन्धित स्थानीय तहले गर्न सक्नेछ भन्ने व्यहोरा बमोजिम हाल उक्त सेवा इकाईमा कार्यरत एम.आई.एस.अपरेट र फिल्ड सहायकलाई चालू आ.व.को कार्तिक १ गतेदेखि लागू हुने गरी मासिक रु ५०००/- (अक्षेरेपी रु पाँच हजार) २११३२ महंगी भत्ता बजेट शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. (९) को प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकालाई संघीय समपूरक र प्रदेश समपूरकबाट प्राप्त तपसिलका योजनाहरुको सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम ठेक्का आह्वा गर्ने निर्णय गरियो ।

तपसिलः-

१. दन्नी देहिगडा सडक निर्माण तथा स्तरोउन्नती (सङ्घीय समपूरक)
२. सुल्लेखान शर्माली नगरौंघाट सडक स्तरोउन्नती (सङ्घीय समपूरक)
३. सकरा सडक निर्माण (प्रदेश समपूरक)

निर्णय नं. (१०) को प्रस्ताव नं. १० माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिका अन्तर्गत रहेको नागरिक आरोग्य सेवा केन्द्र, शिवनाथ — २ मा का.स. पदमा कार्यरत दिपक सिह साउदको साविकको तलब १८, ०००/- रहेकोमा अन्य का.स.हरुको मासिक त.भ. रु २२, ०००/- भएकोले अन्य का.स.हरुको त.भ. सरह मासिक रु ४,०००/- थप गरी २०८२ कार्तिक १ गतेदेखि लागू हुने गरी मासिक रु २२, ०००/- दिने निर्णय गरियो ।

निर्णय नं. (११) को प्रस्ताव नं. ११ माथि छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम (PLGSP), कार्यक्रम समन्वय इकाई, सिंहदरवार, काठमाण्डौको मिति २०८२/०६/०५, च.नं. ५९ को प्राप्त पत्र र स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२ को परिच्छेद - ३ को दफा (६) बमोजिम यस कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत (छैटौं) श्री महेश सिह महतालाई स्थानीय तहको सूचना प्रविधि अधिकृत सातौंस्तरको सेवा, सुविधा दिने गर्ने निर्णय गरियो ।

निर्णय नं. (१२) को प्रस्ताव नं. १२ माथि छलफल गर्दा "मनसुनजन्य विपद प्रभावित निजी आवास पुननिर्माण तथा पुनर्स्थापन कार्यविध, २०७७" अनुसार यस शिवनाथ गाउँपालिकाबाट राष्ट्रिय विपद्

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रविधिकरणमा अनुदानको लागि सिफारिस भएका [illegible]हरुको पालिकाबाट लागत सहभागिता अनुसार दोस्रो र अन्तिम किस्ताको १० प्रतिशतले हुन आउँने रकम रु २, ८०, ०००/- (अक्षेरेपी दुई लाख असी हजार) चालू आ.व. २०८२/०८३ मा प्रकोप व्यवस्थापन कोषबाट जिल्ला विपद व्यवस्थापन समितिको विविध खर्च खाता (क.२.६.) ४०५०१००२०६०००० मा निकासा गर्ने निर्णय गरियो ।

निर्णय नं. (१३) को प्रस्ताव नं. १३ माथि छलफल गर्दा मिति २०८२/०५/२० गतेको कार्यपालिका बैठकको निर्णय र मिति २०८२/०५/२२ गतेको सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी १५ दिने प्रकाशित सूचना अनुसार कुनै पनि व्यक्तीको दरखास्त नपरेको हुँदा संङ्घीय शसर्त अनुदान तर्फको "**म स्वस्थ, मेरो समुदाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम**" सञ्चालन गर्न यस गाउँपालिकामा जनस्वास्थ्य अधिकृत (सातौं) पदको करार सेवामा पुनः ७ दिने विज्ञापन गर्ने निर्णय गरियो ।

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

CamScanner